लुम्बिनी प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या :२०८०/८१
चलानी नं. : 06

मितिः-२०८०/०४/०१

**विषयः- आर्थिक वर्ष २०८०/८१ को लागि अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी जानकारी तथा मार्गदर्शन।**

**श्री स्थानीय तह सबै (१०९ वटै),**
**लुम्बिनी प्रदेश।**

नेपालको संविधान, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ तथा प्रदेश विनियोजन ऐन, २०८० समेतका व्यवस्था बमोजिम स्थानीय तहलाई प्रदेश सरकारले प्रदान गर्ने वित्तीय हस्तान्तरण अन्तर्गत आर्थिक वर्ष २०८०/८१ का लागि वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदानको रकम प्रदेश विनियोजन ऐन, २०८० मा भएको व्यवस्था बमोजिम वित्तीय हस्तान्तरण हुनेछ। साथै, प्रदेश विनियोजन ऐन, २०८० तथा अन्य प्रचलित कानून बमोजिम अनुदानसँग सम्बन्धित आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (४) बमोजिम यो जानकारी एवम् मार्गदर्शन प्रेषित गरेको छु।

**(क) अनुदानको रकम निकासाः**

१. वित्तीय समानीकरण अनुदानको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला हुने गरी आर्थिक वर्षको भाद्र, कार्तिक, माघ र वैशाख महिनामा गरी चार किस्तामा हस्तान्तरण गरिनेछ।

२. सशर्त, समपूरक र विशेष अनुदान रकमको एक तिहाई रकम भाद्र मसान्तभित्र र बाँकी रकम आयोजना वा कार्यक्रमको कार्य प्रगतिको आधारमा हस्तान्तरण हुनेछ।

**(ख) अनुदान रकमको खर्च विवरणः**

३. अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय र यस मन्त्रालयमा कार्तिक, माघ र वैशाख महिनाको ७ गतेभित्र र वार्षिक आर्थिक विवरण भाद्र ७ गतेभित्र बुझाउनु पर्नेछ र त्यस्तो विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण बापतको बाँकी रकम रोक्का राख्न सकिनेछ।

सचिव

पत्र संख्या :२०८०/८१
चलानी नं. :

४. अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय वा क्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोहि आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्नेछ। आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा त्यस्ता आयोजना वा कार्यक्रमको कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्नुपर्नेछ।

(ग) **आयोजना वा कार्यक्रम कार्यान्वयन:**

५. समपूरक अनुदानका आयोजना वा कार्यक्रम "प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ तथा अन्य प्रचलित कानून बमोजिम कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुनेछ।

६. प्रचलित सार्वजनिक खरिद तथा आर्थिक प्रशासन सम्बन्धी कानूनको पूर्ण रूपमा परिपालना गर्नुहुनेछ।

७. समपूरक अनुदानका आयोजना तथा कार्यक्रम स्वीकृत कार्यान्वयन प्रक्रिया बमोजिम नै कार्यान्वयन गर्नुहुनेछ।

८. भू-धरातलीय जोखिम भएका स्थानहरूमा आयोजना कार्यान्वयन गर्दा थप जोखिम उत्पन्न नहुने गरी वातावारण संरक्षण एवं वातावरणीय अध्ययन समेतलाई ध्यान दिई कार्यान्वयन गर्नुहुनेछ।

९. आयोजना स्थलमा आयोजनाको कुल लागत, कार्यान्वयन अवधि/सम्झौता अवधि, प्रदेश सरकार र स्थानीय तहको लागत अनुपात/हिस्सा, उपभोक्ता समितिको हिस्सा र अन्य संस्थाको हिस्सा प्रचलित कानून बमोजिम स्पष्ट देखिने गरी होर्डिङ्ग बोर्ड राख्नुहुनेछ।

१०. अनुदानको रकमबाट तलब भत्ता, मर्मत संभार, मसलन्द लगायतका परामर्श तथा प्रशासनिक कार्यमा ख़र्च गर्नुहुने छैन।

११. भौतिक संरचना निर्माणसँग सम्बन्धित आयोजनाको लागि जग्गा तथा निर्माण पश्चातको मर्मत, सम्भार र सञ्चालनको सुनिश्चितता गरेपछि मात्र कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुनेछ।

१२. स्वीकृत बहुवर्षीय समपूरक अनुदानका आयोजनाको हकमा आयोजनाको कुल लागत बमोजिम बहुवर्षीय ठेक्का प्रक्रियाका माध्यमबाट कार्यान्वयन गर्नुहुनेछ।

१३. अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु हुनेछ।

सचिव

पत्र संख्या :२०८०/८१
चलानी नं. :

(घ) बचत अनुदान रकम फिर्ता:

१४. वित्तीय समानीकरण अनुदान बाहेक सशर्त, समपूरक र विशेष अनुदान बापत हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमार्फत चालु आर्थिक वर्षको असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ। कुनै मनासिब कारणले उक्त अवधिभित्र रकम फिर्ता गर्न नसकिएमा आगामी आर्थिक वर्षको साउन मसान्तभित्र फिर्ता गरी सक्नु पर्नेछ।

१५. बुँदा नं. १४ बमोजिम बचत अनुदान रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले यस मन्त्रालयको निर्देशन बमोजिम आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्न सकिनेछ।

(ङ) विविध:

१६. सशर्त अनुदानबाट सञ्चालन भएका आयोजना वा कार्यक्रमको प्रगति विवरण प्रदेश सरकारका सम्बन्धित विषयगत मन्त्रालयमा नियमित रूपमा प्रतिवेदन गर्नु हुनेछ।

१७. अनुदानका आयोजना वा कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा कुनै द्विविधा उत्पन्न भएमा आयोजना वा कार्यक्रमसँग सम्बन्धित प्रदेशका विषयगत मन्त्रालय र यस मन्त्रालयको राय बमोजिम गर्नु हुनेछ।

१८. विपद् वा अन्य कुनै असामान्य स्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व सङ्कलन हुन नसकेमा वा नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटको रकम परिवर्तन भएमा प्रदेश सरकारले अनुदानको सीमा पुनः निर्धारण गर्न सक्नेछ।

१९. प्रदेश सरकारबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण सम्बन्धी थप जानकारी यस मन्त्रालयको वेभसाइट moeap.lumbini.gov.np मा प्राप्त गर्न सकिनेछ।

..............................
(केदारनाथ शर्मा)
सचिव